# दोस्रो आवधिक योजना

(आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)

## अवधारणा-पत्र




लुम्बिनी प्रदेश सरकार

## लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी), नेपाल

मङ्सिर, २०८०

# दोस्रो आवधिक योजना

**(आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)**

**अवधारणा-पत्र**

लुम्बिनी प्रदेश सरकार

# लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी),नेपाल

**मंसिर, २०८०**

# विषयसूची


१. पृष्ठभूमि ........ १

२. प्रथम आवधिक योजनाको समीक्षा ........ २

३. योजनाबद्ध विकास प्रयासमा देखिएका प्रमुख चुनौती तथा समस्या ........ ६

४. सोह्रौं योजनाको उद्देश्य तथा समष्टिगत रणनीति ........ ७

५. दोस्रो आवधिक योजना ........ ९

सोच ........ ९

लक्ष्य ........ ९

उद्देश्य ........ ९

समष्टिगत रणनीति ........ १०

विकासका संवाहक ........ ११

६. योजना तर्जुमा विधि ........ १२

७. आधारपत्र र पूर्ण दस्तावेज तयारी कार्ययोजना ........ १३

७.१ कार्ययोजना ........ १३

७.२ दोस्रो आवधिक योजनाको रूपरेखा ........ १९

अनुसूची १ ........ २०

सन्दर्भ सामग्री ........ २४

## १.	पृष्ठभूमि

नेपालमा सङ्घीयता लागू भएपछि गठन भएको लुम्बिनी प्रदेश सभाले गठन गरेको सरकारले पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकाल प्रारम्भ गरिसकेको छ । पहिलो कार्यकालमा तयार भएको प्रदेशको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१) को अवधि चालु आर्थिक वर्ष २०८०/०८१ मा पूरा हुँदैछ । संघीय व्यवस्थापनमा प्रदेश संरचना पहिलो अभ्याससमेत भएकोले यसको अनुभव, उपलब्धी, सिकाई समेतलाई ध्यानमा राखी दोस्रो योजना अवधिका लागि लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट समेतलाई मार्गदर्शन प्रदान गर्ने गरी समग्र प्रदेशको सन्तुलित विकास र समृद्धिका प्रतिफलको समन्यायिक वितरणलाई सुनिश्चित गर्ने आधार तय गर्ने गरी आगामी दोस्रो आवधिक योजना तर्जुमा गरिनेछ।

योजना तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं योजना, दिगो विकासका लक्ष्य तथा   मध्यम आय स्तरको विकासोन्मुख मूलकको रूपमा नेपाललाई स्तरोन्नति गर्ने लक्ष्य लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्थाका साथै प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलको घोषणापत्रलाई समेत आधार लिइनेछ। लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाको कार्यान्वयन स्थिति र दीर्घकालीन रणनीतिक योजनाले लिएका सोच तथा लक्ष्य प्राप्तिमा दोस्रो योजना केन्द्रित हुनेछ। साथै, राज्य व्यवस्था प्रणालीमा आएको परिवर्तन र संघीयताको प्रतिफल आम नागरिकले सहजै महशुस गर्ने गरी  लुम्बिनी प्रदेशको विकासको आवश्यकता पहिचान र प्राथमिकीकरणको आधारमा आगामी

पाँच वर्ष अवधिको समष्टिगत विकासको खाका तर्जुमा गर्ने ध्येयले दोस्रो आवधिक योजना (आ.व. २०८१/०८२ - २०८५/०८६) को अवधारणा-पत्र तयार गरिएको छ।

## २. प्रथम आवधिक योजनाको समीक्षा

योजनाको कार्यान्वयनको प्रथम चार वर्षको अवधिमा लुम्बिनी प्रदेश सरकारले संघीयता व्यवस्थापन, सुदृढीकरण र संस्थागत व्यवस्था अन्तर्गत ५० ऐन, ३५ नियमावली निर्माण गर्नुका साथै प्रदेश राजधानी अस्थायी मुकाम बुटवलबाट स्थायी मुकाम राप्ती उपत्यका, देउखुरीमा स्थानान्तरण गरी कार्यसञ्चालन गर्दै आएको छ। प्रशासनिक संघीयताको कार्यान्वयन तर्फ प्रदेश निजामती विधेयक, २०८० प्रदेश सभाले पारित गरी कार्यान्वयनमा आएको छ। योजना अवधिमा प्रदेशको प्रतिव्यक्ति आयमा वृद्धि भई ११२६ अमेरिकी डलर पुगेको छ साथै बहुआयामिक गरिबीको दर ११.७ प्रतिशत विन्दुले घट्न गएको छ। पूर्वाधार विकास तर्फ प्रदेशले यस अवधिमा कूल ३३२६ किलोमिटर पक्की सडक निर्माण गरेको छ भने खानेपानी सुविधा पुगेको जनसंख्या ९०.२ प्रतिशत र विद्युत् सेवा पहुँचमा थप विस्तार भई करिब ९६ प्रतिशत जनसंख्या लाभान्वित भएका छन्।

आर्थिक वर्ष २०७९/८० सम्मको समग्र प्रगति अवस्थालाई विश्लेषण गर्दा योजनाले परिलक्षित गरेका अधिकांश सूचक लक्ष्य अनुरूप हासिल हुन सकेका छैनन्। लुम्बिनी प्रदेशको संस्थागत व्यवस्थापन पूर्ण भइनसकेको अवस्था र प्रदेश तह सङ्घीयता कार्यान्वयनको पहिलो अभ्यास समेत भएको हुँदा आवधिक योजना तर्जुमा एवम् कार्यान्वयनमा कमी कमजोरी रहन गएको छ।

योजनाको प्रथम आर्थिक वर्षमा नै समग्र विश्व अर्थतन्त्र कोभिड १९ को प्रभावले राष्ट्रिय र प्रादेशिक अर्थतन्त्रमा समेत असर पर्न गयो। फलस्वरूप, अर्थतन्त्रमा संकुचन पैदा हुनुका साथै योजनाका प्राथमिकतामा समेत असर पर्न गयो। कोभिड १९ को दोस्रो लहरको प्रभावबाट अर्थतन्त्र उकासिन लागेको अवस्थामा रूस र युक्रेन बीचको द्वन्द्वका कारण सिर्जित आर्थिक मन्दीले थप जटिलता सिर्जना हुन पुग्यो। साथै, अर्थतन्त्रमा आएको संकुचन र आर्थिक मन्दीको प्रभावबाट अर्थतन्त्रलाई तत्काल माथि लैजान स्पष्ट नीतिगत व्यवस्था र कार्यक्रम ल्याउन नसक्दा समेत योजना कार्यान्वयनले अपेक्षित गति लिन सकेन। न्यून पूँजीगत खर्च एवम् कमजोर खर्च गर्ने क्षमता, संघीय अनुदान र बजेटमा कटौती, प्रदेशको न्यून आन्तरिक आय एवम् कराधारका साथै अपेक्षित रूपमा राजश्वको विस्तार हुन नसक्दा प्रादेशिक अर्थतन्त्रमा दबाबको अवस्था हालसम्म पनि विद्यमान रहेको छ।

योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा नीति कार्यक्रमबीच तादम्यता कायम नहुनु र आयोजना छनौटका स्पष्ट र वस्तुगत मापदण्डको अभावले गर्दा प्राथमिकता प्राप्त क्षेत्र भन्दा गैर प्राथमिक एवम् न्यून प्राथमिकताको क्षेत्रमा बजेटको विनियोजन बढी हुन गएको पाइयो। योजना अवधिमा हुने सरकारको परिवर्तन र नीतिगत अस्थिरताले योजना र वार्षिक कार्यक्रमबीच तादम्यता कायम हुन नसकेको पाइयो।

योजनाको कार्यान्वयन स्थितिलाई वस्तुगत सूचकका आधारमा मूल्याङ्कन गर्दा योजनाको प्रमुख परिमाणात्मक लक्ष्य र आर्थिक वर्ष २०७९/८०

को अन्त्यसम्मको अवधिको प्रतिफलको स्थिति देहाय बमोजिम रहेको छः

**प्रथम आवधिक योजनाका परिमाणात्मक लक्ष्य तथा उपलब्धि**

| सूचक | आधार वर्ष २०७५/७६ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २०७९/८० सम्म उपलब्धि |
|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (औसत प्रतिशत) | ७.४ | ९.५ | २.२३ |
| बहुआयामिक गरिबीको दर (प्रतिशत) | २९.९ | १५.० | १८.२ |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | ८०३ | १,६०० | १,१२६ |
| बेरोजगारीको दर (प्रतिशत) | ११.२ | ६.६ | ८.१ |
| जन्मदाको औषत अपेक्षित आयु (वर्ष) | ६९.३ | ७२.० | ६८.८४ |
| साक्षरता दर १५ वर्षमाथि (प्रतिशत) | ५८ | ८५ | ७३.४ |
| बाल मृत्यु दर (प्रति हजार) | ४५ | २५ | ४१ |
| माध्यमिक तह(९-१२)मा कुल भर्नादर (प्रतिशत) | ७४.७ | ९३ | ७९.१ |
| खानेपानी सुविधापुगेका | ८९.८३ | १०० | ९०.२ |

| सूचक | | आधार वर्ष २०७५/७६ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २०७९/८० सम्म उपलब्धि |
|---|---|---|---|---|
| घरपरिवार (प्रतिशत) | | | | |
| विद्युत सेवा पुगेको जनसंख्या (प्रतिशत) | | ८१.०३ | १०० | ९६.१ |
| सिंचित क्षेत्र (प्रतिशत) | | ५१ | ७० | ५१.१३ |
| सडकको लम्बाई (कि.मी.)^ | | ११,२३३ | १२,५०० | १२,०९२ |
| पक्की सडकको अंश | प्रतिशत | १७ | २८ | २७.५ |
| | कि.मी. | १,९३८ | ३,५०० | ३,३२६ |
| +इन्टरनेट पहुँच पुगेका घरपरिवार (प्रतिशत) | | ४९.४ | ८५ | ७५.५ |

*स्रोतः प्रथम आवधिक योजनाको समीक्षा, २०८०*

*+इन्टरनेट पहुँच पुगेको घरपरिवारको सूचकको रूपमा जनगणना, २०७८ को सूचकलाई आधार लिइएको (इन्टरनेट ३६% र स्मार्ट फोन भएको घरपरिवार ७५.५%)*

*^सडकको कूल लम्बाई गणना गर्दा आव २०७५/७६ को सडक लम्बाईमा प्रदेशले बनाएको सडक मात्र जोडिएको छ।*

## ३. योजनाबद्ध विकास प्रयासमा देखिएका प्रमुख चुनौती तथा समस्या

लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाको कार्यान्वयनको अनुभव तथा विगतका राष्ट्रिय एवम् विषय क्षेत्रगत योजनाको कार्यान्वयनको सन्दर्भमा देखिएका प्रमुख चुनौती र समस्या देहाय बमोजिम रहेका छन्:

क. परिवर्तित राज्य व्यवस्थामा प्रदेशले आफ्नो औचित्यको पुष्टि हुने गरी संघीयताको उपलब्धि आम नागरिकसम्म पुर्याउनु,

ख. संविधानको मर्म बमोजिम राजनीतिक, वित्तीय र प्रशासनिक संघीयताले पूर्णता प्राप्त गर्नु,

ग. अस्थिर सरकार र नीतिगत अस्थिरता एवम् विचलनको उच्च सम्भावना,

घ. सबै किसिमका विभेद र सामाजिक कुरीतिको अन्त्य, भूगोल र जनसंख्या बीच विकासमा सन्तुलन कायम र विकासका प्रतिफलको समातामूलक वितरण सूनिश्चित गर्नु,

ङ. जनसंख्याको असमान वितरण र अनियन्त्रित बसाईसराईः प्रदेशका १२ मध्ये ३ जिल्ला र १०९ स्थानीय तहमध्ये ३१ स्थानीय तहको जनसङ्ख्या वृद्धिदर नकारात्मक देखिनु,

च. कृषि उत्पादन र उत्पादकत्वमा अपेक्षित वृद्धि गर्न नसक्नु तथा वन्यजन्तुको प्रकोपले बाँझो जमिनको वृद्धि र कृषकको पलायन हुनु,

छ. कृषि, उद्योग र सेवा क्षेत्रबीचको उत्पादन अन्तरसम्बन्धलाई सुदृढीकरण गर्नु,

ज. उपलब्ध जानसांख्यिक लाभको प्रतिफल लिने गरी स्वदेशमै पर्याप्त रोजगारीका अवसर सिर्जना गरी युवा जनशक्ति पलायनल रोक्नु,

झ. साना आयोजना तथा कम प्राथमिकताका क्षेत्रका आयोजना एवम् कार्यक्रमको बाहुल्यता र आर्थिक दायित्वको भार वृद्धि हुनु,

ञ. राजश्वको कमजोर आधार तथा न्यून पूँजीगत खर्च र अनियन्त्रित एवम् बढ्दो चालु तथा प्रशासनिक खर्च,

ट. नीति तथा योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट बीचको तादम्यता सुनिश्चित गर्न तर्जुमा, कार्यान्वयन र नियमनमा अन्तरतह/अन्तरनिकाय समन्वय कायम गर्नु,

ठ. सार्वजनिक सेवा प्रवाह र सेवा प्रदायकको भूमिका (गुणस्तर, पारदर्शीता, सुशासन र तटस्थता) मा प्रश्न उठ्नु,

ड. उपलब्ध प्राकृतिक स्रोत र सम्पदाको संरक्षण, सम्वर्द्धन र उपयोग विच तादम्यता कायम गर्दै विकास र वातावरण बीच सन्तुलन कायम राख्नु ।

## ४. सोह्रौं योजनाको उद्देश्य तथा समष्टिगत रणनीति

राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको सोह्रौं योजना (आ.व. २०८१/८२- २०८५/८६)को अवधारणा-पत्रले **'सुशासन, सामाजिक न्याय र समृद्धि'** हासिल गर्ने दीर्घकालीन सोच राखेको छ । उक्त

दीर्घकालीन सोच प्राप्त गर्नका निमित्त देहाय बमोजिमको उद्देश्य तथा समष्टिगत रणनीति निर्धारण गर्नुका साथै उल्लेखित उद्देश्य हासिल गर्ने संरचनागत क्षेत्रको पहिचान र तद्अनुरूपको रणनीति समेत तय गरेको छः

**उद्देश्यः**

- राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्नु,
- स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापना गर्नु,
- मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु ।

**समष्टिगत रणनीतिः**

- विकास प्रयासमा देखिएका संरचनात्मक अवरोधहरूको पहिचान, संबोधन र निराकरण गर्दै संरचनात्मक रूपान्तरण गर्ने,
- तीन तहको सरकार, निजी क्षेत्र, सहकारी, विकास साझेदार, गैरसरकारी र अन्य सरोकारवाला निकाय बीचको अन्तरसम्बन्ध र कार्यगत क्षमतालाई मजबुत तुल्याउने,
- अध्ययन, अनुसन्धान र तथ्यमा आधारित नीति निर्माण र विकासका कार्यक्रम कार्यान्वयन गर्ने।

## ५. दोस्रो आवधिक योजना

### सोच

"समृद्ध लुम्बिनीः आर्थिक विकास, सुशासन, समता र समुन्नति"

### लक्ष्य

राज्य संयन्त्र, श्रोत तथा अवसरमा सीमान्तीकृत समुदाय तथा पिछडिएका वर्ग एवम् क्षेत्रको समतामूलक पहुँचलाई सुनिश्चित गर्दै उच्च, तीव्र तथा दिगो आर्थिक वृद्धि र सुशासनको माध्यमबाट आर्थिक विकास र सामाजिक न्यायमा आधारित समुन्नत समाज ।

### उद्देश्य

योजनाले परिदृश्य गरेको सोच तथा लक्ष्य प्राप्त गर्न देहाय बमोजिमका उद्देश्य निर्धारण गरिएका छन्:

क. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि लक्षित बृहत्तर रोजगारी र उद्यमशीलताको विकास गर्ने,

ख. सघन अन्तरआबद्धता र गुणस्तरीय पूर्वाधार निर्देशित उच्च तथा तीव्र आर्थिक वृद्धि हासिल गर्ने,

ग. गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सर्वसुलभ पहुँचलाई सुनिश्चित गरी स्वस्थ र दक्ष मानव पूँजीको निर्माण गर्ने,

घ. सबै क्षेत्रमा रहेका विभेद र असन्तुलनलाई हटाई सामाजिक न्यायमा आधारित समतामूलक समाजको निर्माण गर्ने,

ङ. सेवा प्रवाह र विकासका आयाममा नवीनतम तथा परिस्कृत प्रविधिको प्रयोग मार्फत् सुशासन र जवाफदेहिताको प्रत्याभूति गर्ने।

## समष्टिगत रणनीति

योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न देहाय बमोजिमका रणनीति अवलम्बन गरिनेछ:

क. कृषि, उद्योग, पर्यटन र हरित अर्थतन्त्रका क्षेत्रमा बृहत्तर रोजगारी र उद्यमशीलताका विद्यमान सम्भावनाको उपयोग तथा नयाँ सम्भावनाको समेत पहिचान गरी समग्र उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

ख. सघन अन्तरआबद्धता कायम हुने गरी रणनीतिक महत्त्वका पूर्वाधारको विकास र विस्तार गर्ने,

ग. सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणको लागि आन्तरिक आय र राजश्वको क्षेत्र र दायरा विस्तार गर्ने,

घ. स्रोत साधनको विवेकशील विनियोजन, खर्च गर्ने क्षमतामा वृद्धि र आयोजनाको प्राथमिकीकरण गर्दै पूँजीगत क्षेत्रमा लगानी अभिवृद्धि गर्ने

ङ. स्वस्थ तथा उत्पादनशील मानव पूँजी र मर्यादित तथा सभ्य समाज निर्माणका लागि जनस्वास्थ्य, स्वास्थ्य पूर्वाधार र एवम् प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षाको विकास र विस्तार गर्ने,

च. नवप्रवर्तन, अनुसन्धान र अन्वेषण प्रेरित नवीन प्रविधि र परिस्कृत प्रणाली मार्फत् आर्थिक समृद्धि र समुन्नत समाजको आधार तयार गर्ने,

छ. विभेद र असन्तुलनमा परेका वर्ग, महिला र पिछडिएका तथा सीमान्तीकृत समुदायलाई संरक्षण र सशक्तीकरण मार्फत् समाजिक न्याय र समता कायम गर्ने,

ज. राज्यका सबै अवयवमा पारदर्शिता, जवाफदेहिता, सहभागिताको प्रवर्द्धन गर्दै र सुशासनको प्रत्याभूति गर्ने ।

## विकासका संवाहक

योजनाले परिलक्षित गरेको सोच, लक्ष्य तथा उद्देश्य प्राप्ति गर्न नेतृत्वदायी क्षेत्र एवम् विकासका प्रमुख संवाहक देहाय बमोजिम हुनेछन्:

क. कृषि, उद्योग र पर्यटन

ख. सुदृढ प्रादेशिक अर्थतन्त्र र उच्च आर्थिक वृद्धि

ग. बृहत्तर तथा उत्पादनशील रोजगारी र उद्यमशीलता विकास

घ. अन्तरप्रदेश तथा आन्तरिक अन्तरआबद्धता

ङ. दिगो एवम् गुणस्तरीय पूर्वाधार र आधुनिक तथा पहिचानयुक्त शहर,

च. स्वास्थ्य, शिक्षा तथा पोषण,

छ. हरित अर्थतन्त्र,

ज. डिजिटल अर्थतन्त्र,

झ. अनुसन्धान, अन्वेषण र प्रविधि,
ञ. सुशासन, जवाफदेहिता र जनसहभागिता,
ट. समानता र समावेशीकरण

## ६. योजना तर्जुमा विधि

"आवधिक योजना तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८०" ले चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकको अन्त्य सम्ममा योजनाको दस्तावेज प्रदेश विकास परिषद्को बैठकबाट स्वीकृत गरी प्रकाशनमा ल्याउने गरी आवधिक योजना तर्जुमा सम्बन्धी संस्थागत व्यवस्था तथा समयसीमा निर्धारण गरेको छ। आयोगका उपाध्यक्षको संयोजकत्वमा निर्देशक समिति तथा उपाध्यक्ष एवम् सदस्यको संयोजकत्वमा विषयगत समिति र विषयगत मन्त्रालयको योजना महाशाखा प्रमुखको नेतृत्वमा प्राविधिक समितिको व्यवस्था गरेको छ।

योजना महाशाखा प्रमुखको संयोजकत्वमा गठित प्राविधिक समितिले आवश्यकतानुसार विषय विज्ञ तथा सरोकारवाला पक्षसँग छलफल तथा अन्तरक्रिया समेत गरी योजनाको विषय क्षेत्रगत प्रारम्भिक मस्यौदा तयार गर्नेछ । प्राविधिक मस्यौदा समितिले स्वीकृत गरेको दस्तावेज सम्बन्धित विषयगत समिति समक्ष पेश गर्नेछ। प्राविधिक समितिबाट प्राप्त दस्तावेज उपर विषयगत समितिले समेत पुनः सम्बन्धित विज्ञ, सरोकारवालासँग परामर्श तथा अन्तरक्रिया मार्फत् परिमार्जन गरी निर्देशक समिति समक्ष पेश गर्नेछ। आयोगका उपाध्यक्षले सबै विषयगत क्षेत्रको पूर्ण मस्यौदा प्राप्त भएपछि आवश्यक छलफल तथा परिमार्जन गर्न निर्देशक समितिको बैठक आव्हान गर्नेछन् र उक्त बैठकले आवश्यक परिमार्जन सहित योजनाको दस्तावेज प्रदेश विकास

परिषद्मा पेश गर्न सिफारिस गर्नेछ । अन्त्यमा प्रदेश विकास परिषद्को बैठकले छलफल र सबै सरोकारवालाको सहभागितामा योजनाको दस्तावेज परिमार्जन र स्वीकृत गर्नेछ । यी सबै चरणमा विज्ञ, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय तह प्रमुख, महिला, बालबालिका एवम् अपाङ्गगता भएका व्यक्ति, लगायत सबै वर्ग जातजाति समुदाय र क्षेत्रको प्रतिनिधित्व, सहभागिता एवम् संलग्नतामा योजना दस्तावेज तयार गरिनेछ। साथै, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकास साझेदार लगायत राज्यका सम्पूर्ण अवयवको सहभागिता र सहकार्यमा योजना तर्जुमा गरी योजना दस्तावेजको सर्वस्वीकार्यता र प्रभावकारिताको सुनिश्चित गरिनेछ। दोस्रो आवधिक योजना लुम्बिनी प्रदेश सरकारको आगामी पाँच वर्षको नीति तथा कार्यक्रम र वार्षिक विकास कार्यक्रमका प्राथमिकतालाई कार्यदिशा प्रदान गर्ने तथा विकासको परिदृश्य आँकलन गर्ने मूल दस्तावेज हुनेछ।

## ७. आधारपत्र र पूर्ण दस्तावेज तयारी कार्ययोजना

### ७.१ कार्ययोजना

प्रदेश सरकारबाट स्वीकृत “आवधिक योजना तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८०” मा उल्लिखित देहायबमोजिमको कार्ययोजनामा आधारित भई दोश्रो आवधिक योजना तर्जुमा गरिने छः

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार पदाधिकारी/ महाशाखा | सहयोगी पदाधिकारी/ महाशाखा | समय सीमा |
|---|---|---|---|---|
| १. | आवधिक योजनाको कार्ययोजना तर्जुमा | उपाध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत | सदस्य एवम् आयोग | भाद्र दोस्रो हप्ता भित्र |

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार पदाधिकारी/ महाशाखा | सहयोगी पदाधिकारी/ महाशाखा | समय सीमा |
|---|---|---|---|---|
| २. | आयोगका उपाध्यक्षको अध्यक्षतामा निर्देशक समिति तथा सदस्यको संयोजकत्वमा विषय क्षेत्रगत समिति गठन | उपाध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत | सदस्य एवम् आयोग | भाद्र तेस्रो हप्ता भित्र |
| ३. | आवधिक योजनाको अवधारणा-पत्रको मस्यौदा तयारी र सो सम्बन्धमा विज्ञसँग अन्तरक्रिया:<br>• आयोगका पूर्व-उपाध्यक्ष एवम् पूर्व-सदस्यसँग छलफल/अन्तरक्रिया<br>• विषयगत मन्त्रालय/निकायका सचिव एवम् विषयविज्ञसँग छलफल/अन्तरक्रिया | उपाध्यक्ष/सदस्य | प्रशासकीय प्रमुख/ आयोगको सचिवालय | आश्विन पहिलो हप्ता भित्र |

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार पदाधिकारी/ महाशाखा | सहयोगी पदाधिकारी/ महाशाखा | समय सीमा |
|---|---|---|---|---|
| ४. | आवधिक योजनाको अवधारणा-पत्र तर्जुमा र आयोगबाट पारित | उपाध्यक्ष/आयोगको पूर्ण बैठक | प्रशासकीय प्रमुख/आयोगको सचिवालय | आश्विन दोस्रो हप्ता भित्र |
| ५. | आवधिक योजनाको अवधारणा-पत्र निर्देशक समितिबाट स्वीकृति | उपाध्यक्ष/निर्देशक समिति | प्रशासकीय प्रमुख/आयोगको सचिवालय | आश्विन तेस्रो हप्ता भित्र |
| ६. | विषयगत मन्त्रालय/निकायसँग स्वीकृत अवधारणा-पत्र अनुसारको ढाँचामा विवरणको लागि पत्राचार र प्रारम्भिक छलफल | उपाध्यक्ष/सदस्य | प्रशासकीय प्रमुख/आयोगको सचिवालय | आश्विन चौथो हप्ता भित्र |
| ७. | विषयगत मन्त्रालय/निकायबाट योजनाको विषय क्षेत्र सम्बन्धी विवरण प्राप्ति | उपाध्यक्ष/सदस्य /विषयगत समिति | प्रशासकीय प्रमुख/आयोगको सचिवालय | कार्तिक दोस्रो हप्ता भित्र |
| ८. | समष्टिगत आर्थिक विवरण एवम् लगानी खाका तयारी | उपाध्यक्ष/सदस्य/विषयगत समिति | प्रशासकीय प्रमुख/आयोगको सचिवालय | कार्तिक चौथो हप्ता भित्र |

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार पदाधिकारी/ महाशाखा | सहयोगी पदाधिकारी/ महाशाखा | समय सीमा |
|---|---|---|---|---|
| ९. | योजनाको विषयक्षेत्रगत प्रारम्भिक मस्यौदा तयारी | उपाध्यक्ष/सदस्य/विषयगत समिति | प्रशासकीय प्रमुख/सम्बन्धित मन्त्रालय | कार्तिक चौथो हप्ता भित्र |
| १०. | योजनाको एकीकृत मस्यौदा तयारी र छलफल/अन्तरक्रिया र परिमार्जन | उपाध्यक्ष/सदस्य /विषयगत समिति | प्रशासकीय प्रमुख/सम्बन्धित मन्त्रालय | मंसिर दोस्रो हप्ता भित्र |
| ११. | प्रदेश विकास परिषद्को गठन तथा परिषद्का सदस्यलाई योजनाको मस्यौदा वितरण | उपाध्यक्ष/सदस्य | प्रशासकीय प्रमुख/आयोगको सचिवालय | मंसिर दोस्रो हप्ता भित्र |
| १२. | जिल्ला/स्थानीय तहमा अन्तरक्रिया र राय सुझाव संकलन (परिषद्का सदस्यको समेत संलग्नतामा) | उपाध्यक्ष/सदस्य /विषयगत समिति | प्रशासकीय प्रमुख/सम्बन्धित मन्त्रालय | पौष दोस्रो हप्ता भित्र |
| १३. | योजनाको दोस्रो एवम् परिमार्जित मस्यौदा तयारी | उपाध्यक्ष/सदस्य /विषयगत समिति | प्रशासकीय प्रमुख/सम्बन्धित मन्त्रालय | पौष चौथो हप्ता भित्र |
| १४. | योजनाको परिमार्जित मस्यौदा उपर प्रादेशिक | उपाध्यक्ष/सदस्य /विषयगत समिति | प्रशासकीय प्रमुख/आयोग | पौष चौथो |

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार पदाधिकारी/ महाशाखा | सहयोगी पदाधिकारी/ महाशाखा | समय सीमा |
|---|---|---|---|---|
| | छलफल/अन्तरक्रियाः प्रदेश सभाका माननीय सदस्य, प्रमुख राजनीतिक दलका पदाधिकारी, नागरिक समाज, पेशाविद्, विज्ञ, विकास साझेदार लगायत सरोकारवालासँग | | को सचिवालय | हप्ता भित्र |
| १५. | राष्ट्रिय योजना आयोग तथा अन्य प्रदेशका योजना आयोगसँग अन्तरक्रिया तथा राय/सुझाव प्राप्ति | उपाध्यक्ष/सदस्य | प्रशासकीय प्रमुख/आयोग को सचिवालय | माघ दोस्रो हप्ता भित्र |
| १६. | रा.यो.आ./अन्य प्रदेशका योजना आयोग तथा प्रादेशिक अन्तरक्रियाबाट प्राप्त राय सुझाव समेटी योजनाको अन्तीम मस्यौदा तयारी | उपाध्यक्ष/सदस्य/विषय गत समिति | प्रशासकीय प्रमुख/सम्बन्धित मन्त्रालय | माघ तेस्रो हप्ता भित्र |
| १७. | योजनाको अन्तीम मस्यौदा निर्देशक समितिमा पेश र प्रदेश | उपाध्यक्ष/निर्देशक समिति | प्रशासकीय प्रमुख/आयोग को सचिवालय | माघ चौथो हप्ता |

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार पदाधिकारी/ महाशाखा | सहयोगी पदाधिकारी/ महाशाखा | समय सीमा |
|---|---|---|---|---|
| | विकास परिषद्मा पेश गर्न सिफारिस | | | भित्र |
| १८. | प्रदेश विकास परिषद्को बैठक र राय/सुझाव सहित योजनाको अन्तीम मस्यौदा अनुमोदन | उपाध्यक्ष/प्रदेश विकास परिषद् | प्रशासकीय प्रमुख/आयोग को सचिवालय | फाल्गुण दोस्रो हप्ता भित्र |
| १९. | प्रदेश विकास परिषद्को बैठकको राय/सुझाव समेटी योजनाको परिमार्जित अन्तीम मस्यौदा स्वीकृतिका लागि लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्)मा पेश | उपाध्यक्ष/सदस्य | प्रशासकीय प्रमुख/आयोग को सचिवालय | फाल्गुण तेस्रो हप्ता भित्र |
| २०. | लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट आवधिक योजनाको दस्तावेज स्वीकृति र प्रकाशन | उपाध्यक्ष/सदस्य | प्रशासकीय प्रमुख/आयोग को सचिवालय | फाल्गुण चौथो हप्ता भित्र |

## ७.२ दोस्रो आवधिक योजनाको रूपरेखा

दोस्रो आवधिक योजनाको रूपरेखा अनुसूची १ मा प्रस्तुत गरिएको छ। योजना तर्जुमाको क्रममा उक्त रूपरेखामा आवश्यकताअनुसार परिमार्जन गर्न सकिनेछ।

**अनुसूची १**

## दोस्रो आवधिक योजनाको रूपरेखा

### परिच्छेद एकः परिचय

१.१ पृष्ठभूमि

१.२ नेपालको योजनाबद्ध विकासको संक्षिप्त समीक्षा

१.३ पहिलो आवधिक योजनाको समीक्षा

१.४ दिगो विकासको लक्ष्यको कार्यान्वयन स्थिति

१.५ सोह्रौं योजना

### परिच्छेद दुईः दोस्रो आवधिक योजना

२.१ पृष्ठभूमि

२.२ प्रमुख समस्या तथा चुनौती

२.३ योजनाको समष्टिगत खाका

- २.३.१ सोच
- २.३.२ लक्ष्य
- २.३.३ उद्देश्य
- २.३.४ समष्टिगत रणनीति र कार्यनीति
- २.३.५ विकासका संवाहक

### परिच्छेद तीनः सार्वजनिक वित्त तथा लगानी

३.१ आन्तरिक आय/राजस्व

३.२ राजश्व बाँडफाँट तथा अनुदान

३.३ वित्तीय व्यवस्था

३.४ सार्वजनिक खर्च

३.५ सहकार्य, साझेदारी र सहलगानी

(निजी, सहकारी, समुदाय, विकास साझेदार, गैरसरकारी संस्था र अन्य क्षेत्र)

**परिच्छेद चारः आर्थिक क्षेत्र**

४.१ कृषि तथा भूमि व्यवस्था

४.१.१ कृषि, पशुपन्छी र मत्स्य

४.१.२ भूमि व्यवस्था

४.१.३ खाद्य सुरक्षा तथा पोषण

४.२ उद्योग, वाणिज्य र पर्यटन

४.२.१ उद्योग

४.२.२ वाणिज्य, आपूर्ति र बजार व्यवस्थापन

४.२.३ मूल्य श्रृङ्खला र ब्राण्डिङ्ग

४.२.४ खानी तथा अन्वेषण

४.२.५ पर्यटन

४.३ वित्तीय समावेशिता

४.४ सहकारी

**परिच्छेद पाँचः सामाजिक क्षेत्र**

५.१ स्वास्थ्य

५.२ शिक्षा

५.३ सामाजिक सुरक्षा र संरक्षण (अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक)

५.४ भाषा, साहित्य, कला र संस्कृति

५.५ युवा तथा खेलकुद

५.६ जनसङ्ख्या व्यवस्थापन

५.७ महिला तथा बालबालिका

**परिच्छेद छः पूर्वाधार क्षेत्र**


६.१ यातायात पूर्वाधार

६.१.१ सडक

६.१.२ रेल्वे

६.१.३ रोप–वे तथा केबलकार

६.१.४ प्रादेशिक विमानस्थल

६.२ सिँचाई

६.३ खानेपानी तथा सरसफाइ

६.४ ऊर्जा

६.५ विज्ञान तथा प्रविधि

६.६ सूचना तथा सञ्चार

६.७ ग्रामीण तथा शहरी विकास


**परिच्छेद सातः वन तथा वातावरण**


७.१ हरित अर्थतन्त्र

७.२ वन व्यवस्थापन

७.३ वातावरण र जैविक विविधता

७.४ जलाधार क्षेत्र संरक्षण

७.५ जडिबुटी र कृषि वन

७.६ जलवायु परिवर्तन

७.७ मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन


**परिच्छेद आठः शासकीय प्रबन्ध  र सुशासन**


८.१ प्रशासनिक संघीयता

८.२ भ्रष्टाचार निवारण र सुशासन

८.३ शासकीय सुधार

८.४ शान्ति, सुरक्षा र सुव्यवस्था

८.५ मानव संसाधन विकास

८.६ क्षमता विकास र संस्थागत सुदृढीकरण

**परिच्छेद नौः अन्तरसम्बन्धित विषय क्षेत्र**

९.१ तहगत एवम् अन्तरनिकाय समन्वय र सहकार्य

९.२ गरिबी निवारण

९.३ नीति तथा योजना

९.४ तथ्याङ्क व्यवस्थापन

९.५ अनुसन्धान र विकास

९.६ विपद् तथा प्रकोप व्यवस्थापन

९.७ समावेशीकरण, सामाजिक न्याय र समता

९.८ आयोजना बैङ्क व्यवस्थापन

९.९ अनुगमन तथा मूल्याङ्कन

९.१० योजनाको कार्यान्वयन, प्रतिवेदन र समीक्षा

**परिच्छेद दशः प्रदेश गौरवका आयोजना**

**परिच्छेद एघारः प्रमुख रणनीतिक कार्यक्रम**

**परिच्छेद बाह्रः नतिजा खाका**

**अनुसूची**

**सन्दर्भ सामग्री**

## सन्दर्भ सामग्री


आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

नेपाल बहुआयामिक गरिबी सूचक,२०२१ राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौं ।

नेपालको संविधान, २०७२, नेपाल कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।

पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) को अवधारणा-पत्र, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं।

प्रथम आवधिक योजना योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), लुम्बिनी प्रदेश योजना आयोग, बुटवल, रूपन्देही।

प्रदेश विकास समस्या समाधान समितिको प्रतिवेदन २०७९।८०, लुम्बिनी प्रदेश योजना आयोग, राप्ती उपत्यका (देउखुरी), नेपाल।

राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाडौं ।

राष्ट्रिय जनगणना २०७८, प्रादेशिक प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाडौं ।

लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८०, आर्थिक मामिला मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल।

लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८०/८१, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल।

सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को अवधारणा-पत्र, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं।

लुम्बिनी प्रदेश सरकार

# लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी), नेपाल

सम्पर्क नं. : ०८२-४१३१०५, ४१३१०६

Email : infoppc.p5@gmail.com, info.ppc@lumbini.gov.np

Website : ppc.lumbini.gov.np